'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ अंक : १६० मंगलवार २२ माघ, २०८१ 04 (Tusday) February 2025 पृष्ठ ४, मूल्य रु : १०।-

# लुम्बिनी प्रदेश सरकारले आठौं स्थापना दिवस भब्य रुपमा मनायो

नमस्ते समचारदाता
दाङ, माघ/२१



लुम्बिनी प्रदेश स्थापनाको आठौं दिवस उत्सवको रुपमा मनाइएको छ। प्रदेश सरकार र प्रदेश सभाले संयुक्त कार्यक्रमको आयोजना गरेर स्थापना दिवस उत्सवको रुपमा मनाइएको हो। प्रदेश सभा परिसर राप्ती उपत्यका (देउखुरी)मा भब्य रुपमा आयोजना गरिएको दिवसको मुल समारोहमा विभिन्न समुदायको झाँकी प्रदर्शन गर्नुका साथै मन्त्रालयत स्टलहरु राखेर सरकार ले गरेका कामहरु सार्वजनिक गरिएको छ। प्रदेशलाई बलियो र स्थापीत बनाउन संविधानले दिएको अधिकारको पूर्ण कार्यान्वयननै आजको आवश्यकता रहेकोमा जोड दिइएको छ। संघीय शासन व्यवस्था लागु भएपनि प्रदेशलाई बलियो बनाउने सवालमा संघीय सरकारले अधिकार प्रत्यायोजन गर्न ढिला गर्न नहुनेमा जोड दिइएको हो। तीन तहको सरकार मध्य प्रदेश संघीयताको बलियो आधार भएको, संघीय शासनलाई बलियो बनाउन प्रदेशलाई अधिकार सम्पन्न बनाउनुपर्नेमा वक्ताहरुको जोड छ। लुम्बिनी प्रदेश स्थापना दिवसको उद्घाटन गर्दै प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले जनता बलियो हुने शासन व्यवस्थानै संघीय शासन व्यवस्था भएको बताउनु भयो। उहाँले जनताको सेवकको रुपमा जनप्रतिनिधि रहेको भन्दै जनता भन्दा माथि कोही नहुनेमा जोड दिनुभयो।'जनताको शासन हो। यहाँ जनतानै जनादर्शन हुन'उहाँले भन्नुभयो,'जन भावना अनुसारनै काम कारबाही अघि बढ्नुपर्छ।' मुख्यमन्त्री चेतनारायण आचार्यले तीन तहका सरकारका बीचमा प्रदेशलाई अब्बल बनाउन सक्ने गरी लुम्बिनी प्रदेशले उदारण दिन सफल भएको बताउनु भएको छ।'प्रदेश सरकारको उपादेयता र औचित्य, हाम्रो काम गराई, इमान्दारिता, सुशासन, सेवा प्रवाह एवं स्थायित्व प्राप्त सरकार

बाँकी ३ पेजमा

# व्यवहारिक तथा जीवन उपयोगी सिपलाई प्राथमिकता दिँदै तक्षशिला एकेडेमी

सरला सुवेदी
कोहलपुर, माघ/२१



बाँकेको कोहलपुर नगरपालिका वडा नं. १० मा अवस्थित तक्षशिला एकेडेमीले शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै विद्यार्थीहरूलाई व्यवहारिक, जीवन उपयोगी तथा सिर्जनशील सिपको शिक्षणमा विशेष जोड दिँदै आएको छ। यसै क्रममा, विद्यालयले वसन्त पञ्चमीको अवसर पारेर आफ्नो प्रांगणमा विद्या एवं ज्ञानकी देवी सरस्वतीको प्रतिमा प्रतिष्ठान गरेको छ। विद्यालयका अध्यक्ष विष्णु प्रसाद बेल्वासेले वैदिक विधिअनुसार सरस्वती प्रतिमाको प्रतिष्ठान गर्नुभएको हो। उहाँले विद्यार्थीहरूको आस्था एवं संस्कार प्रवर्द्धन गर्नका लागि सरस्वती मन्दिर स्थापना गरिएको उल्लेख गर्दै दैनिक वन्दना समेत गरिने जानकारी दिनुभयो। तक्षशिला एकेडेमीले भौतिक संरचना एवं शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न सुधारात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ। विद्यालयका प्रिन्सिपल भीम बहादुर रोकायका अनुसार प्रत्येक कक्षाकोठामा स्मार्ट बोर्डको प्रयोग, विद्यार्थीको रुचि अनुसार अतिरिक्त कक्षाहरूको सञ्चालन, प्रयोगात्मक सिकाइ तथा व्यवहारिक शिक्षामा विशेष जोड दिइएको छ। यसका साथै, पाठ्यक्रमलाई नवीनतम प्रविधिसँग समायोजन गर्दै नवीन शिक्षण शैली अवलम्बन गर्ने विद्यालयको नीति रहेको छ। विद्यालयले विद्यार्थीलाई घोकन्ते शिक्षाबाट मुक्त गर्दै खेल्दै सिक्ने, प्रयोगात्मक कक्षाहरू सञ्चालन गर्ने, तथा व्यवहारिक शिक्षामा ध्यान दिने नीति अवलम्बन गरेको छ। खेलकुद, पाककलासँग सम्बन्धित सिप, नैतिक तथा सामाजिक शिक्षा, वातावरण संरक्षण कार्यक्रमहरू विद्यालयका नियमित गतिविधि हुन्। विद्यालयका शैक्षिक सल्लाहकार खोपिराम वलीका अनुसार विद्यालयको परिसरलाई हरित क्षेत्रका रूपमा विकास गर्दै वातानुकूलित कक्षाकोठाहरूको विस्तारलाई तीव्रता दिइएको छ। यसले विद्यार्थीहरूको सिकाइ वातावरणलाई अझ सहज एवं प्रभावकारी बनाउने विश्वास गरिएको छ। ८.५ कठ्ठा क्षेत्रफलमा फैलिएको तक्षशिला एकेडेमीमा करिब ८६० विद्यार्थी अध्ययनरत छन्। विद्यालयमा पौडी पोखरी, खेलमैदान, एवं पर्यावरणमैत्री पूर्वाधारहरू रहेका छन्, जसले विद्यार्थीलाई अध्ययनसँगै जीवनोपयोगी सिप सिक्न थप प्रेरित गर्दछ। यस किसिमका नवीनतम शैक्षिक कार्यक्रम र सुधारहरूलाई आत्मसात् गर्दै तक्षशिला एकेडेमी गुणस्तरीय शिक्षाको केन्द्र बन्दै गएको छ। विद्यार्थीलाई व्यवहारिक ज्ञान, सृजनात्मकता, तथा जीवन उपयोगी सिपमा अब्बल बनाउँदै विद्यालयले उत्कृष्ट शिक्षण प्रणालीलाई निरन्तर सुधार गर्ने प्रतिबद्धता समेत व्यक्त गरेको छ।

हार्दिक बधाई
तथा शुभकामना



८औं कोहलपुर मेयर कप तथा १७औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता २०८१ मा गोर्खा यूनाइटेड पब्लिक स्कुललाई मावितर्फ ८ स्वर्ण, ७ रजत, ८ कास्य पदक प्राप्त गरी द्धितीय स्थान हासिल गर्न महत्वपूर्ण भूमिका खेल्ने विद्यार्थी, प्रशिक्षक, शिक्षक, अभिभावकलाई धन्यवाद साथै खेलाडीहरुको उच्च मूल्याङ्कन गर्दै हार्दिक बधाई तथा आगामी खेल प्रतिस्पर्धाहरुमा सफलताको शुभकामना व्यक्त गर्दछौं।
गोर्खा यूनाइटेड पब्लिक स्कुल
कोहलपुर–२, बाँके सम्पर्क : ०८१–५४०१०५

हार्दिक बधाई
तथा शुभकामना



८ औं कोहलपुर मेयर कप तथा १७ औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता २०८१ मा ग्रिन पिस इंलिस मिडियम स्कुललाई आवितर्फ प्रथम स्थान हासिल गर्न महत्वपूर्ण भूमिका खेल्ने विद्यार्थी, प्रशिक्षक, शिक्षक, अभिभावक तथा खेल आयोजकलाई धन्यवाद साथै खेलाडीहरुको उच्च मूल्याङ्कन गर्दै हार्दिक बधाई तथा आगामी खेल प्रतिस्पर्धाहरुमा सफलताको शुभकामना व्यक्त गर्दछौं।
ग्रिन पिस इंलिस मिडियम स्कुल
कोहलपुर- १२ चप्परगौडी, बाँके, फोन : ०८१-५४०६६४

# अझै पनि घरायसी ऊर्जाको मूल स्रोत दाउरा ।

श्याम रोका

ऊर्जा मानव जीवनको पर्यायझैं हो। हाम्रो दिनचर्याका हरेक पक्ष ऊर्जासँग जोडिएको हुन्छ। नेपालमा ऊर्जा खपत गर्ने क्षेत्रहरूलाई मूलतः घरायसी, औद्योगिक, यातायात, व्यापारिक, कृषि तथा निर्माण र खानी गरी ६ प्रकारमा वर्गीकृत गरिएको छ। पछिल्लो अध्ययन तथा सर्वेक्षण अनुसार सन् २०२१ मा देशमा खपत भएको कुल ऊर्जा ६२६ पेटाजुलमध्ये घरायसी क्षेत्रमा ६२.२ प्रतिशत, औद्योगिक क्षेत्रमा १८.२ प्रतिशत, यातायातमा ९ प्रतिशत, व्यापारिक क्षेत्रमा ७ प्रतिशत, कृषिमा १.६ प्रतिशत र निर्माण तथा खानी क्षेत्रमा ०.८ प्रतिशत ऊर्जा खपत भएको तथ्यांक छ । यो तथ्यांकले कुल ऊर्जाको आधाभन्दा बढी हिस्सा घरायसी क्षेत्रमा खपत हुने देखाएको छ। सन् २०२१ मा ३९६ पेटाजुल ऊर्जा घरायसी क्षेत्रमा खपत भएको देखिन्छ । अझै पनि घरायसी ऊर्जाको मूल स्रोत दाउरा हो। उक्त वर्ष घरायसी ऊर्जाको ८४.९ प्रतिशत हिस्सा दाउराबाट प्राप्त भएको थियो।

आधुनिक ऊर्जाको विस्तार र प्रयोग बढ्दै जाँदा प्रतिव्यक्ति ऊर्जा खपत घट्दै गएको छ। एक दशकको प्रवृत्ति अध्ययन गर्दा सन् २००९ मा प्रतिव्यक्ति ऊर्जा खपत १४ गिगाजुल रहेकोमा २०१९ मा १३.२ गिगाजुल पुग्यो। प्रतिव्यक्ति विद्युत खपत भने बढ्दै गएको छ । विगत साढे दुई दशकमा प्रतिव्यक्ति विद्युत खपत पाँच गुणाले वृद्धि भएको छ। सन् २००० मा प्रतिव्यक्ति विद्युत् खपत ६० किलोवाट घण्टा रहेकोमा सन् २०१० मा १००, सन् २०१८ मा २३०, सन् २०२१ मा २६५ र सन् २०२३ मा ३२५ किलोवाट घण्टा पुगेको आँकडा छ। यसो भए पनि यो खपत दक्षिण एसियाली मुलुकहरूमध्ये न्यून र विश्वको औसत प्रतिव्यक्ति विद्युत खपतको तुलनामा ११ भागको एक भाग मात्र हो । घरायसी प्रयोजनमा अधिकांशतः मिश्रित ऊर्जा प्रयोग भएको देखिन्छ। भौगोलिक क्षेत्रअनुसार घरायसी ऊर्जाको प्रयोग र मिश्रणमा फरक भेटिन्छ। करिब २० प्रतिशत घरमा खाना पकाउन आधुनिक ऊर्जाको स्रोत विद्युत र एलपी ग्यासको प्रयोग हुने गरेको छ । असी प्रतिशत घरमा परम्परागत ऊर्जाका स्रोतहरू दाउरा, कृषिजन्य अवशेष, घरपालुवा गाईवस्तुका गोबरको गुँइठा आदि प्रयोग हुने गरेको छ। तराई-मधेस क्षेत्रमा ८६ प्रतिशत, मध्यपहाडी क्षेत्रमा ६५ प्रतिशत र पहाडी तथा उच्चहिमाली क्षेत्रमा ५८ प्रतिशत घरमा ऊर्जा मिश्रणको प्रयोग हुने गरेको अध्ययनले देखाएको छ। घरायसी प्रयोजनमा ऊर्जा मिश्रणमा आधुनिक ऊर्जाको अनुपात बढ्दै गएको छ। सन् २०१४ मा २० प्रतिशत रहेको आधुनिक ऊर्जाको अनुपात ६ वर्षमा अर्थात् सन् २०२० मा पुग्दा ८ प्रतिशतले वृद्धि भई २८ प्रतिशत पुगेको देखिन्छ। सोही अवधिमा परम्परागत ऊर्जाको प्रयोग ७८ प्रतिशतबाट घटेर ६८ प्रतिशतमा झरेको तथ्यांक छ। उक्त अवधिमा वैकल्पिक ऊर्जाको प्रयोगमा न्यून वृद्धि भई २.५ प्रतिशतबाट ३.२ प्रतिशत पुग्यो। ऊर्जा खपतको दोस्रो ठूलो क्षेत्र उद्योग हो। सन् २०२१ को तथ्यांक अनुसार औद्योगिक क्षेत्रमा कुल १४४.५ पेटाजुल ऊर्जा खपत भएको देखिन्छ। उक्त ऊर्जाको ठूलो हिस्सा अर्थात् ४८.१५ प्रतिशत कोइलाबाट र १६.८३ प्रतिशत दाउराबाट प्राप्त भएको देखिन्छ। बाँकी ऊर्जामध्ये बिजुलीबाट ८.८७ प्रतिशत, कृषिजन्य अवशेषबाट ९.९८ प्रतिशत, डिजेलबाट १२.७५ प्रतिशत र फर्नेस आयलबाट २.९७ प्रतिशत प्राप्त भएको देखिन्छ । ऊर्जा खपतको तेस्रो ठूलो क्षेत्र यातायात हो। सन् २०२१ को तथ्यांक अनुसार यातायात क्षेत्रले कुल ५७.७ पेटाजुल ऊर्जा खपत गरेको थियो। यो ऊर्जाको आपूर्ति पेट्रोलबाट ३३.७३ प्रतिशत र डिजेलबाट ६२.३३ प्रतिशत र बिजुलीबाट ०.१ प्रतिशतभन्दा पनि कम योगदान भएको देखिन्छ । विगतमा रहेको घरायसी ऊर्जाको अत्यधिक प्रयोगको प्रवृत्ति भविष्यमा पनि निरन्तर रहने प्रक्षेपण छ। यही प्रवृत्तिको निरन्तरता हुँदा सन् २०४० सम्म ११ हजार ८५५ किलोटन आयल बराबर पुग्ने प्रक्षेपण छ । यो खपत सन् २०१० मा ८ हजार ७६५ किलोटन आयल बराबर थियो। सन् २०१० को आधारमा यो वृद्धि वार्षिक औसत १.१ प्रतिशतले हुने अनुमान छ । गत वर्षको तथ्यांक अनुसार ९९ प्रतिशत घरमा बिजुलीको पहुँच पुगेको छ। यीमध्ये ८९ प्रतिशत घर राष्ट्रिय ग्रीडमा र ५ प्रतिशत स्थानीय मिनी ग्रीडमा जोडिएका छन्। बाँकी ५ प्रतिशत घर सौर्य ऊर्जामा निर्भर छन् । भौगोलिक क्षेत्रका हिसाबले तराई क्षेत्रका ९९ प्रतिशत घरमा राष्ट्रिय ग्रीडबाट बिजुली पुगेको छ। हिमाली क्षेत्रका करिब ३२ प्रतिशत घरमा मात्र राष्ट्रिय ग्रीडको बिजुली पुगेको छ । हिमाली क्षेत्रमा ६५ प्रतिशत र पहाडी क्षेत्रमा ४ प्रतिशत घर बिजुलीका लागि मिनी ग्रीडमा निर्भर छन्। हिमाली क्षेत्रमा ११ प्रतिशत र पहाडी क्षेत्रमा १.६ प्रतिशत घरमा सौर्य ऊर्जा जडान भएको छ । आई.डि.ए. नामको संस्थाले गरेको एक सर्वेक्षण अनुसार सन् २०२२ मा ग्रामीण क्षेत्रमा करिब ८० प्रतिशत र सहरी क्षेत्रमा ४४.६ प्रतिशत घरमा खाना पकाउन परम्परागत ऊर्जाको स्रोत दाउरा प्रयोग हुने गरेको छ । खाना पकाउन आधुनिक ऊर्जाको स्रोत एल.पी. ग्यासको प्रयोग सहरी क्षेत्रमा ८९ प्रतिशत घरमा र ग्रामीण क्षेत्रका ५७.३ प्रतिशत घरमा खाना प्रयोग हुँदै आएको छ । ग्रामीण क्षेत्रका १७.४ प्रतिशत घरमा खाना पकाउन कृषिजन्य अवशेष र गुँइठा प्रयोग हुने गरेको छ। सहरी क्षेत्रमा समेत यसको प्रयोग गर्ने घरको संख्या ५.४ प्रतिशत छ। खाना पकाउन ग्रामीण क्षेत्रमा ७.३ प्रतिशत घरमा र १४ प्रतिशत घरमा बिजुली प्रयोग हुने गरेको छ । भौगोलिक क्षेत्रका हिसाबले हिमाली क्षेत्रमा खाना पकाउन ९६ प्रतिशत घरमा, पहाडी क्षेत्रमा ६५.५ र तराई क्षेत्रमा ७९ प्रतिशत घरमा खाना पकाउन दाउरा प्रयोग हुने गरेको छ। घरायसी प्रयोजनमा हिटिङ (न्यानोपन) का लागि पनि ऊर्जा प्रयोग हुन्छ । एक सर्वेक्षण अनुसार जाडोयाममा हिटिङका लागि करिब ७७.५ प्रतिशत घरमा विभिन्न इन्धन प्रयोग हुन्छ। यस प्रयोजनमा २२.५ प्रतिशत घरमा इन्धनको प्रयोग नभएको पाइएको छ । हिटिङका लागि पनि दाउराको प्रयोग अत्यधिक देखिन्छ। करिब ८६ प्रतिशत घरमा दाउरा प्रयोग हुन्छ। यस अतिरिक्त २४.७ प्रतिशत घरमा कृषिजन्य अवशेष र ११.३ प्रतिशत घरमा गुँइठा र ११.२ प्रतिशत घरमा बिजुली प्रयोग हुन्छ । यसबाहेक हिटिङका लागि ०.५ प्रतिशत घरमा ग्यास हिटर र ०.२ प्रतिशत घरमा मट्टीतेल प्रयोग हुने गरेको छ । ग्रामीण क्षेत्रमा हिटिङका लागि परम्परागत स्रोत दाउरा ९०.१ प्रतिशत र २७.२ प्रतिशतमा घरमा कृषिजन्य अवशेष प्रयोग हुने गरेको छ। सहरी क्षेत्रमा ६१ प्रतिशत घरमा दाउरा र ८.७ प्रतिशतमा कृषिजन्य अवशेष प्रयोग भएको पाइन्छ। हिटिङका लागि सहरी क्षेत्रका ३९.७ प्रतिशत घरमा र ग्रामीण क्षेत्रमा ६.७ प्रतिशत घरमा बिजुली प्रयोग भएको देखिन्छ । भौगोलिक क्षेत्रका हिसाबले हिटिङका लागि हिमाली क्षेत्रमा ९८.४ प्रतिशत घरमा दाउरा प्रयोग हुन्छ। तराई क्षेत्रका ४४.२ घरमा कृषिजन्य अवशेष तथा २०.९ प्रतिशत घरमा गुँइठा प्रयोग हुने गरेको छ। हिटिङकै लागि पहाडी क्षेत्रका ७९ प्रतिशत घरमा दाउरा र २१.६ प्रतिशत घरमा बिजुली प्रयोग हुन्छ। घरायसी प्रयोजनमा ऊर्जाको प्रयोग हुने अर्को क्षेत्र कुलिङ (चिसोपन) हो। कुलिङका लागि ६२.८ प्रतिशत घरले उपकरण प्रयोग भएको पाइएको छ, ३७.२ प्रतिशत घरमा यस्तो उपकरण छैन । कुलिङका लागि ७७.४ प्रतिशत घरमा सिलिङ पंखा प्रयोग भएको देखिन्छ। एअर कुलर प्रयोग भएका घरको संख्या २.३० प्रतिशत छ। एअर कन्डिसन प्रयोग गर्ने घर ०.३ प्रतिशत मात्र छन् । ऊर्जा उपयोगिताको अर्को क्षेत्र उज्यालो हो। उज्यालोका लागि ऊर्जाको मुख्य स्रोत बिजुली नै हो। सहरी क्षेत्रका ९९ प्रतिशत र ग्रामीण क्षेत्रका ९१.४ प्रतिशत घरमा उज्यालोको लागि ग्रीड जडित राष्ट्रिय विद्युत प्रणालीको बिजुली प्रयोग भएको छ। रिचार्जेवल फ्ल्यास लाइट, मोबाइल उपकरण, टर्च लाइट पनि उज्यालो प्राप्तिको साधनका रूपमा प्रयोग हुने गरेका छन् । यी उपकरणको प्रयोग ग्रामीण क्षेत्रमा ५१.६ प्रतिशत र सहरी क्षेत्रमा ४२.५ प्रतिशत घरमा हुने गरेको छ। उज्यालोका लागि ग्रामीण क्षेत्रमा १४.३ प्रतिशत घरमा र सहरी क्षेत्रमा २.८ प्रतिशत घरमा घरायसी सौर्य ऊर्जा प्रयोग हुने गरेको छ । विगत तीन दशकको ऊर्जा रूपान्तरणको प्रवृत्ति अध्ययन गर्दा नेपालमा ३० वर्षअघि ९७.९ प्रतिशत घरमा खाना पकाउन दाउरा प्रयोग हुने गरेकोमा हालसम्ममा उल्लेखनीय कमी आई ६७.४ प्रतिशतमा झरेको छ । त्यसैगरी ३० वर्षअघि कृषिजन्य अवशेषको प्रयोग २९.८ प्रतिशत रहेकोमा हाल १७.३ प्रतिशतमा सीमित भएको छ। गुँइठामाथिको निर्भरता १९.२ प्रतिशत रहेकोमा अहिले १०.९ प्रतिशत छ । आधुनिक ऊर्जाका स्रोतमध्ये घरायसी भान्सामा एल.पी. ग्यास र बिजुलीको प्रयोग बढेको छ। तीस वर्षअघि घरायसी भान्सामा एल.पी. ग्यासको प्रयोग ०.६ प्रतिशत घरमा रहेकोमा हाल ७४.१ प्रतिशत घरमा पुगेको छ। यही अवधिमा खाना पकाउन बिजुलीको प्रयोग ०.३ प्रतिशतबाट बढेर ८.४ प्रतिशत घरमा विस्तार भएको छ । हाम्रो राष्ट्रिय विद्युत प्रणालीको डिजाइन तथा विस्तार मूलतः उज्यालो प्राप्तिका लागि मात्र भएको देखिन्छ। करिब ९९ प्रतिशत घरमा बिजुलीको पहुँच पुग्नु सुखद पक्ष हो।

अझै पनि बिजुलीको गुणस्तर र नियमिततामा ढुक्क हुने अवस्था छैन।उज्यालोबाहेक घरायसी भान्सा, र कुलिङका लागि बिजुलीको प्रयोग हुने घरको संख्या न्यून नै छ । बिजुलीको विस्तार निकै फराकिलो भए पनि प्रतिव्यक्ति विद्युत खपत ३२५ किलोवाट घण्टाको हाराहारीमा सीमित छ। यो परिमाण दक्षिण एसियाली मुलुकहरूबीच तुलना गर्दा नेपालमा निकै कम हो। पछिल्लो सर्वेक्षण र तथ्यांकबाट अहिले पनि नेपालको ऊर्जा प्रणाली मूलतः दाउरा र कृषिजन्य अवशेषमा नै निर्भर देखिन्छ। भविष्यमा सरोकारवाला पक्षहरूले यसतर्फ विशेष ध्यान पुऱ्याएर एक्काइसौं शताब्दी सुहाउँदो स्वच्छ ऊर्जा रूपान्तरण र प्रयोगमा धेरै काम गर्न बाँकी छ।

# ऋण लिएर खर्च गर्न नजान्ने हामी

मनीष झा

एउटा अचम्मको संयोग के पाइन्छ भने, नेताहरूले नेतृत्व गर्ने दल प्रायः सधैं ठूलो हुँदै जान्छ, समृद्ध हुँदै जान्छ। ती नेताको दल कहिल्यै घाटामा गएको सुनिँदैन । तर त्यही नेताको नेतृत्वमा रहेको सरकार र देश किन घाटामा जान्छ, ऋणले थिचिँदै जान्छ ? केही राजनीतिक नेताहरू सरकारमा आबद्ध भएपछि व्यावसायिक घरानासँग साझेदारीमा व्यवसाय समेत सञ्चालन गर्छन्। त्यो पनि नाफामै हुन्छ। तर सरकार भने घाटामा । निजी क्षेत्रमा पनि यस्तै देखिन्छ। कुनै व्यवसायीले राजनीतिक दल खोले पनि त्यसमा पर्याप्त ध्यान दिएको पाइँदैन। देश बनाउने भनेर सुरूआत गरेका हुन्छन्, सामाजिक सञ्जालमै उनीहरूको अभियान टुंगिन्छ। के यो संयोग मात्र हो त? होइन ! यो रणनीति र कार्यगत भिन्नताले भएको हो। आफ्नो काममा लगानीको जति माया छ, त्यति माया देशको लगानीप्रति नभएकाले हो । यो किन त? एउटा सामान्य व्यापारीले लगानीको योजना बनाउँदै गर्दा सम्भाव्यता र दिगो पर्ने छ। लगानीसँग सम्बन्धित व्यवहारमा नियमित र नवीनतम अभ्यास छ कि छैन भन्ने सुनिश्चितता सहितको योजना बनाउँछ। सार्वजनिक क्षेत्रमा भने यस्तो हुँदैन । राजनीतिक सिद्धान्त र राजनीतिज्ञको लाभ हाबी हुन्छ। अर्थतन्त्रमा मुख्य रूपमा तीनवटा पाटा हुन्छन्।पहिलो, सरकारको आर्थिक हैसियत, रणनीति, खर्च गर्ने चरित्र र प्राथमिकताको नीति तथा कार्यक्रम ।

दोस्रो, निजी क्षेत्रको आर्थिक दक्षता, नवीनतम अभ्यास सहितको लगानी, त्यहाँबाट सिर्जित कर र रोजगारी । तेस्रो, सामाजिक विकासको क्षेत्रमा वैदेशिक सहयोग र प्राथमिकता कार्यक्रम । नेपालको सन्दर्भमा यी तीनवटै पाटाको संख्यात्मक क्षमता स्पष्ट छ, तर रणनीतिक प्राथमिकता र योजना स्थिर छैन । मैले संघीय सदनको एक सांसद तथा सार्वजनिक लेखा समितिको सदस्यका रूपमा नेपालको अर्थतन्त्रसँग सम्बन्धित लगानीको रणनीति र आर्थिक अनुशासनलाई नजिकबाट नियालिरहेको छु। मेरो बुझाइमा देशको अहिलेको जटिल आर्थिक अवस्थाको एउटा प्रमुख कारण हाम्रो आर्थिक अनुशासन र खर्चको रणनीतिमा गम्भीर कमजोरीलाई मान्न सकिन्छ। वार्षिक चालु बजेटभन्दा बेरूजु रकम धेरै रहनु, बक्यौता रकम बढ्दै जानु, देशको अर्थतन्त्रको ४२ प्रतिशतभन्दा धेरै ऋण थोपरिनु, तर पनि बजारमा कुनै किसिमको उत्साह नदेखिनुले हाम्रो रणनीतिक कमजोरी स्पष्ट पार्छ । ऋण लिनु नराम्रो होइन। ऋण लिएर त्यसको फाइदा उठाउन सक्दा धेरै राम्रो हुन्छ। विश्व अर्थतन्त्रको लामो इतिहासमा ऋण लिएर, त्यसको रणनीतिक रूपमा उपयोग गरेर थुप्रै देशका अर्थतन्त्र उँभो लागेका सफल उदाहरण छन्।जस्तै, युद्धपछिको अमेरिकाले निर्यातका लागि बजार स्थापना गर्न र विश्वव्यापी आर्थिक स्थिरता बढाउन ऋण प्रयोग गऱ्यो। रणनीतिक ऋण उपयोगिताले जापानको युद्धपछिको आर्थिक 'बुम' (सन् १९५०-१९७० को दशक) लाई समर्थन गऱ्यो। फलस्वरूप स्टिल, अटोमोबाइल र इलेक्ट्रोनिक्स जस्ता प्रमुख उद्योगहरूमा द्रुत औद्योगिकीकरण र विस्तार भयो। चीनको आर्थिक प्रगतिको (सन् १९९०-वर्तमान) मूल मियो राज्य-समर्थित ऋण थियो जसले राज्यको स्वामित्वमा भएका उत्पादनशील क्षेत्रहरूलाई आर्थिक सहायता प्रदान गऱ्यो। परिणाम स्वरूप चीन विश्वव्यापी उत्पादन शक्तिमा परिणत भयो । सन् २००८ को विश्वव्यापी वित्तीय संकटको समयमा अमेरिकी सरकारले ट्रबल्ड एसेट रिलिफ प्रोग्राम (टिएआरपी) र मात्रात्मक सहजता कार्यक्रमहरू लागू गरेर अर्थ व्यवस्था स्थिर बनाउन ठूलो मात्रामा ऋण प्रयोग गऱ्यो। जर्मनीको दोस्रो विश्व युद्धपछिको आर्थिक चमत्कार मुख्यतया अमेरिका र अन्य युरोपेली देशहरूबाट लिइएको ऋणको रणनीतिक उपयोग नै थियो। दक्षिण कोरियाको आर्थिक विस्तार (१९६०-१९८०) राज्य-निर्देशित वित्त पोषणद्वारा सम्भव भएको थियो जुन इलेक्ट्रोनिक्स, जहाज निर्माण र अटोमोबाइल जस्ता ठूला उद्योगहरूमा केन्द्रित थियो । यी उदाहरणले दोस्रो विश्व युद्धपछिको आर्थिक वृद्धि र आधुनिकीकरणलाई बढावा दिन आन्तरिक तथा बाह्य ऋणको रणनीतिक भूमिकालाई चित्रित गर्छ। तर ऋण थोपरिनु र त्यसबाट केही पनि फाइदा नहुनु चाहिँ घातक हुन्छ । जस्तै, कोशी ब्यारेज तथा सिँचाइ आयोजना, काठमाडौं उपत्यका सहरी यातायात आयोजना, चिलिमे जलविद्युत आयोजना, विशाल बजार आवास आयोजना, विष्णुप्रिया-गोरखा सडक आयोजना, तिरपुर जलविद्युत आयोजना र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल जस्ता आयोजनाहरू पूर्वाधार विकास र दीर्घकालीन प्रतिफल उत्पन्न गर्न डिजाइन गरिएको थियो। तर यी आयोजनाले अपर्याप्त मर्मतसम्भार, प्राविधिक कठिनाइ, वातावरणीय क्षति, निर्माणमा ढिलाइ, स्थानीय समुदायका चुनौती र राजनीतिक अस्थिरता जस्ता समस्या सामना गर्दै आएका छन्। ठूलो वैदेशिक लगानीका बाबजुद यी आयोजनाले सोचेको प्रतिफल तथा उद्देश्य प्राप्त गर्न नसक्दा सरकारलाई ठूलो आर्थिक भार परेको छ। नेताहरूको निर्वाचन क्षेत्रमा अर्बौंको अस्पताल बनाउने योजना बनाइन्छ र वैदेशिक ऋण समेत खोजिन्छ। तर त्यहींको समुदाय बसाइँसराइ गरेर आफ्नो थातथलो छाड्ने क्रममा हुन्छ। अब त्यहाँ गरेको लगानीको फाइदा न त समाजले पाउनेवाला छ, न राज्यले। अनि त्यो बनाउन लिएको ऋणको ब्याज तिर्न अर्को ऋण लिनुपरेको छ। आयोजना कार्यान्वयनमा ढिलाइ र विभिन्न समस्याले पनि ठूलो आर्थिक भार परेको छ। कतै कतै त राजनीतिक दलका नेताहरूलाई ऋण लिइदिन पनि आर्थिक प्याकेज दिइन्छ । हामीले छिमेकी देशहरूबाट पनि सिक्न सक्छौं। देशको सफल व्यावसायिक समूहबाट सिक्न सक्छौं, सफल राष्ट्रबाट सिक्न सक्छौं। ऋण गलत होइन, तर ऋणको गलत प्रयोग पाप हो । सन् २००३ मा चीनको प्रतिव्यक्ति आय १२८२ डलर थियो। पाँच वर्ष अन्तरालमा सन् २००८ मा ३४४७ डलर पुग्यो। ११ प्रतिशतको दरले प्रगति भयो । भारतको प्रतिव्यक्ति आय सन् २०१० मा १३८४ डलर थियो। सन् २०२२ मा २४६६ डलर पुग्यो। ५.७ प्रतिशतका दरले प्रगति भयो । फिलिपिन्सको प्रतिव्यक्ति आय सन् २००५ मा १२६१ डलर थियो। १४ वर्षपछि ३५१२ डलर पुग्यो जुन ४.२ प्रतिशतको प्रगति हो।

यी सबै देशको प्रगति हुनुमा एउटा समान कुरा के छ भने, सबै देशले ऋण लिएर रणनीतिक योजना सहित खर्च गरे। हामी भने यसमै चुकिरहेका छौं। ऋण लिँदैछौं तर रणनीतिक योजना बिना 'पपुलिस्ट' हुन खर्च गर्दैछौं । अर्थतन्त्र र आर्थिक लगानी भनेको ऋणको रकम लिने कुरा मात्र होइन, त्यसलाई प्रयोग गर्ने रणनीति, त्यसबाट आर्थिक क्षमता वृद्धि गर्ने र ऋण तिर्ने लक्ष्य पनि हो । हामीले अहिलेसम्म ऋण लियौं, खर्च गऱ्यौं र ऋण लिन सक्ने क्षमतालाई विशिष्ट मान्यौं। तर ऋणले के कति सहयोग पुऱ्यायो र समाज, जनजीवन र भविष्यका लागि कति लाभदायक रह्यो भन्ने बेवास्ता गऱ्यौं। कसैले सोध्यो भने जबाफ दिन पनि चाहँदैनौं । अर्कातिर ऋण लिने बेला हामी दुःख, आशा, गरिबी र जोखिमपूर्ण कथा सुनाउँछौं। तर हामीले त्यसबाट आउने परिणाम र सकारात्मक परिवर्तन देखाउने प्रयास गरेका छैनौं। अविकसित देशहरू र ऋणमा भर परेको अर्थतन्त्रको एउटा कालो पक्ष हुन्छ। त्यहाँ ऋण देखिने गरी आउँछ, तर नदेखिने रूपमा गम्भीर समस्या उत्पन्न हुन्छन्। यी समस्या प्रायः स्थानीय रूपमा उब्जिएका हुँदैनन्; आर्थिक सहयोगका रूपमा आयातीत योजनाको आधारमा ऋणको एक अंश खर्च हुन्छ जसको महँगो मूल्य देशका करदाताले चुकाउनुपर्छ । त्यस कारण, महत्त्वपूर्ण कुरा ऋण लिने रकम मात्र होइन, यसबाट आउने परिणाम हो। नेपालले लिएको ऋण भने घातक बनिरहेको छ किनभने हामीसँग त्यो तिर्ने योजना छैन। देशमा रणनीतिक सुधार ल्याउन धेरै काम गर्नुपर्छ। हालसम्मको अध्ययन र अनुभवका आधारमा म यसलाई तीनवटा मुख्य बुँदामा समेट्न चाहन्छु- एकीकृत नीति हामीकहाँ धेरै विषयमा राज्यका एक नियम र अर्को नियमबीच असंगति छ। कहिलेकाहीँ एक कानुन एउटा दाताले बनाएको हुन्छ र अर्को कानुन अर्को दाताले बनाएको। यसको परिणाम स्वरूप नीति एकीकृत हुन सकेको छैन ।

# सूर्यज्योति लाइफले बढायो नाफा, जीवन बीमा कोषमा पौने ३८ अर्ब

नमस्ते समाचारदाता
काठमाडौं, माघ/२१

सूर्यज्योति लाइफ इन्स्योरेन्स चालु आर्थिक वर्षको दोस्रो त्रैमास (साउन-पुस)सम्मको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक गरेको छ। वित्तीय विवरणअनुसार कम्पनीले दोस्रो त्रैमाससम्म १९ करोड ६१ लाख रुपैयाँ नाफा आर्जन गर्न सफल भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिसम्म कम्पनीले १८ करोड ९७ लाख रुपैयाँ नाफा आर्जन गरेको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा कम्पनीको नाफा ३.३७ प्रतिशतले बढेको छ । चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्म कम्पनीको महाविपत्ति कोषमा ३८ करोड ६९ लाख रुपैयाँ, रिटेन्ड अर्निङमा ३२ करोड ८२ लाख रुपैयाँ र अन्य इक्विटीमा ४५ करोड ९८ लाख रुपैयाँ रहेको छ। अघिल्लो वर्ष असार मसान्तसम्म महाविपत्ति कोषमा ३७ करोड ७१ लाख रुपैयाँ, रिटेन्ड अर्निङमा १ अर्ब १५




करोड ५ लाख रुपैयाँ र अन्य इक्विटीमा ४६ करोड ८८ लाख रुपैयाँ रहेको थियो। अघिल्लो वर्षको असार मसान्तसम्मको तुलनामा महाविपत्ति कोषको आकार बढेको छ भने रिटेन्ड अर्निङ र अन्य इक्विटी घटेको छ। समीक्षा अवधिसम्म कम्पनीको जीवन बीमा कोषमा ३७ अर्ब ७३ करोड ४० लाख रुपैयाँ रहेको छ। अघिल्लो वर्ष यही अवधिसम्म जीवन बीमा कोषमा ३० अर्ब ४२ करोड ३५ लाख रुपैयाँ थियो।

अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा कम्पनीको जीवन बीमा कोषको आकार २४.०३ प्रतिशतले बढेको छ । दोस्रो त्रैमाससम्म कम्पनीले ५ अर्ब ६ करोड ४७ लाख रुपैयाँ कुल बीमाशुल्क आर्जन गरेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिसम्म कम्पनीले ४ अर्ब २८ करोड ३५ लाख रुपैयाँ कुल बीमाशुल्क आर्जन गरेको थियो। अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा कम्पनीको कुल बीमाशुल्क आर्जन १८.२४ प्रतिशतले वृद्धि भएको हो। कम्पनीले समीक्षा अवधिसम्म ४ अर्ब ९८ करोड १५ लाख रुपैयाँ खुद बीमाशुल्क आर्जन गरेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिसम्म कम्पनीले ४ अर्ब १५ करोड ७१ लाख रुपैयाँ खुद बीमाशुल्क आर्जन गरेको थियो। अघिल्लो वर्षको तुलनामा कम्पनीको खुद बीमाशुल्क आर्जन १९.८३ प्रतिशतले बढेको छ । चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्म कम्पनीको खुद दाबी भुक्तानी ५ अर्ब ६३ करोड ८८ लाख रुपैयाँ रहेको छ। अघिल्लो वर्ष यही अवधिसम्म कम्पनीले ४ अर्ब ६१ करोड २३ लाख रुपैयाँ खुद दाबी भुक्तानी गरेको थियो। शेयरपुँजी ५ अर्ब १ करोड १९ लाख रुपैयाँ रहेको कम्पनीको वार्षिकीकृत प्रतिशेयर आम्दानी (ईपीएस) घटेर ७.८३ रुपैयाँ कायम भएको छ। अघिल्लो वर्ष ईपीएस ८.३५ रुपैयाँ थियो। पीई रेसियो ५६.७३ गुणा रहेको कम्पनीको प्रतिशेयर नेटवर्थ १२३.४४ रुपैयाँ रहेको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# कर्णालीका सामुदायीक विद्यालयमा कति खाली रहेको छ शिक्षक दरवन्दी

नमस्ते समाचारदाता
सुर्खेत, माघ/२१

कर्णाली प्रदेशमा पाँच हजारभन्दा बढी शिक्षक अपुग रहेका छन् । कर्णालीमा प्राथमिक तह, निम्नमाध्यमिक तह, माध्यमिक तह र उच्च माध्यमिक तहमा गरी कुल पाँच हजार ५४९ जना शिक्षक अपुग रहेका हुन् । विद्यार्थीको अनुपातमा शिक्षक अपुग भएपछि कर्णालीको साक्षरता दरसमेत कमजोर रहेको पाइएको हो । कर्णालीको सामाजिक विकास मन्त्रालयका अनुसार सबैभन्दा धेरै निम्नमाध्यमिक तहका शिक्षक अपुग रहेका छन् । यसमा दुई हजार ६९९ जना शिक्षक अपुग छन् । कर्णालीमा कुल दुई हजार ९३१ सामुदायिक विद्यालयमा ११ हजार ८६५ दरबन्दीमा मात्र शिक्षक छन् । हुनुपर्ने सङ्ख्या १७ हजार ३८४ हो । कर्णालीमा अझै पाँच हजार ५४९ शिक्षक अपुग रहेको छ । यसै गरी ९२७ प्राविमा ६४४ जना शिक्षक अपुग छन् । यसमा हुनुपर्ने शिक्षक दरबन्दी आठ हजार ७९३ हो भने अहिले आठ हजार १४९ जना मात्र छन् । यस्तै एक हजार १४०




निम्नमाध्यमिक विद्यालयमा दुई हजार ६९९ शिक्षक अपुग छन् । यस तहमा हुनुपर्ने चार हजार ५६० शिक्षक हुन् भने अहिले एक हजार ८६१ जना कार्यरत छन् । यसै गरी ६०५ माविमा एक हजार ७४९ शिक्षक अपुग छन् । यस तहमा हुनुपर्ने तीन हजार २५ शिक्षक हुन् भने अहिले एक हजार २७६ जना शिक्षक मात्र छन् । २५९ उच्च माविमा ४५७ शिक्षक अपुग छन् । यस तहमा एक हजार ३६ शिक्षक हुनुपर्ने हो भने अहिले ५७९ जना कार्यरत रहेको छ । कर्णालीमा विशेष गरी अङ्ग्रेजी, गणित र विज्ञान शिक्षकको अभाव छ । कानुन अनुसार न्यूनतम हुनुपर्ने शिक्षक दरबन्दीमा प्रावि तहमा तीन जना, निमावि तहमा चार जना, मावि तहमा पाँच जना र उच्च मावि तहमा चार जना हुनु पर्छ । कर्णालीमा शिक्षक अपुग भएपछि विभिन्न विकल्पमा शिक्षक नियुक्त गरिएका छन् । निजी स्रोतबाट, स्थानीय तह, प्रदेश तह र सङ्घीय सहयोगबाट शिक्षक नियुक्त गरेर पढाउनु परेको छ । बालविकासदेखि उच्च माविसम्म छ लाखभन्दा बढी विद्यार्थी अध्ययनरत छन् भने कर्णालीको साक्षरता दर ७६.१ प्रतिशत रहेको छ । शिक्षक अपुग भएपछि गुणस्तरीय शिक्षामा चुनौती थपिएको छ । शैक्षिक प्रावधान अनुसार एक शिक्षकले हिमालमा ४० विद्यार्थी, पहाडमा ४५ विद्यार्थी र तराईमा ५० विद्यार्थी पढाउनुपर्ने हुन्छ । सो अनुसार शिक्षक अभाव भएपछि समस्या थपिएको हो । हिमालतिरका विद्यार्थी पहाड तथा तराईमा झर्दा शिक्षक उता बढी र विद्यार्थी कम भएका छन् । शिक्षक दरबन्दी मिलान गर्न सकिएमा अपुग शिक्षकको समस्या ५० प्रतिशत कम गर्न सकिने देखिन्छ । तर शिक्षक पेसागत सङ्घ सङ्गठनका कारण शिक्षक दरबन्दी मिलान हुन सकेको छैन । कर्णालीका एक हजार दुई सयभन्दा बढी विद्यालयमा सरकारको शिक्षक अनुदान नै दिएको छैन । विद्यालयले विद्यार्थी सङ्ख्या धेरै हुने तर शिक्षक अपुग हुने समस्या भोग्नु परेको छ । शिक्षा ऐन, दरबन्दी मिलानजस्ता काम सरकारले गर्न सके धेरै हदसम्म शिक्षकको समस्या समाधान हुने देखिन्छ ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

## लुम्बिनी प्रदेश सरकार.........

बाट मात्रै दिन सकिन्छ भन्नेमा हामीमा द्विविधा पक्कै पनि नहोला । प्रदेश सरकार तीन तहका सरकारका बीचमा पनि अव्बल बन्न सक्छ भन्ने उदाहरण हाम्रा धेरै कामहरुले दर्शाएका छन्’उहाँले भन्नुभयो,‘हामीले यस ७ बर्षको अवधिमा प्रदेश सभा र प्रदेश सरकारबाट करिब ११० को संख्यामा कानुनहरु निर्माण गरेका छौं । यसबाट हामीलाई नेपालको संविधानबाट प्राप्त अधिकारको सीमा भित्र रहँदै प्रदेशका काम कारवाही अघि बढाउन, प्रदेश सकारको सञ्चालन र व्यवस्थापनका लागि कानुनी एवं वैधानिक आधार तयार भएको छ ।’ प्रदेश तहमा अझैं धेरै कानुनहरु तर्जुमाको चरणमा रहेको, सङ्घीय कानुनको निर्माण तथा मापदण्डको तर्जुमाका विषयमा सङ्घीय सरकारसँग समन्वय गर्नुपर्ने आवश्यकता रहेको भनाई उहाँको छ । सङ्घीय सरकार सँगको सहकार्य, स्थानीय तहसँगको समन्वय सहितको सह-सम्बन्धबाटै प्रदेशको कार्य सञ्चालनलाई प्रभावकारी पार्न सकिने विश्वास व्यक्त गर्नु भयो ।‘प्रदेश सरकारका लागि समग्र लुम्बिनी प्रदेश साझा घर हो । यस भित्र बसोबास गर्ने सबै नागरिक हाम्रा दाजु भाई दिदि बहिनी हुन्’मुख्यमन्त्री आचार्यले भन्नुभयो,‘१०९ वटै स्थानीय सरकार हाम्रा लागि समान हक राख्ने हाम्रा आफ्नै अवयवहरु हुन् । यीनको बीचमा समान विकासका अवसर, बजेट, पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी, पुल पुलेसा, कृषि, सिंचाई, उत्पादन, रोजगारी, उद्यम्, पर्यटन समेतका क्षेत्रमा स्थान विशेषका आधारमा विशिष्ट एवं पृथक प्राथमिकता तर समान न्यायका साथ हाम्रो विकासको विनियोजन गर्नुपर्ने आवश्यकतालाई समेत हामीले राम्ररी मनन् गरेका छौं ।’सभामुख तुलाराम घर्तीमगरले प्रदेश तह संघीयताको नयाँ संरचना भएकाले यसको स्थायित्वको लागि सबैले प्राथमिकतामा राख्नुपर्ने आवश्यक रहेको बताउनु भयो ।‘संघीय संरचनामा प्रदेश तह झनै नयाँ हो । पहिला कुनै न कुनै हिसावले संघीय र स्थानीय सरकार थिए । वास्तविक संघियताको अभ्यास गर्ने थलो प्रदेश तह हो’उहाँले भन्नुभयो,‘संघीय शासन प्रणालीलाई बास्तिक रुपमा आत्मसाथ गर्न जरुरी छ ।’ नेपाली कांग्रेसका दल नेता तथा पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले प्रदेशलाई अधिकार सम्पन्न बनाउन संघीय सरकारले ध्यान दिनुपर्ने बताउनु भयो ।‘गालि हामीले खानुपर्ने, अधिकार काठमाडौंमा राख्नुपर्ने’उहाँले भन्नुभयो,‘अधिकार तलसम्म पुग्छ भनेर संविधानमा लेखियो । तर, अझैं अधिकार माथिनै रह्यो ।’ प्रदेशलाई बलियो बनाउन अधिकार सम्पन्न बनाइनुपर्ने धारणा उहाँको छ । प्रतिपक्ष दलका नेता तथा पूर्व मुख्यमन्त्री जोखबहादुर महराले समृद्ध प्रदेशको लक्ष्य प्राप्त गर्न सबैको विचमा साझा प्रतिबद्धता चाहिने बताउनु भयो ।‘समृद्ध प्रदेशको लक्ष्य प्राप्ति गर्न प्रदेश सरकार सफल भएको छ । अझ यसलाई अघि बढाउन सबैको विचमा साझा प्रतिबद्धता र प्रयासको खाँचो छ’उहाँलेभन्नुभयो,‘प्रदेशलाई कानूनी रुपमा बलियो बनाउन केही ऐनहरु अझैं बनाउन बाँकी छन् । ति ऐनलाई पुरा गर्ने जिम्मेवारी प्रदेश सरकारमा छ ।’पूर्व मुख्यमन्त्री कुलप्रसाद केसीले प्रदेश सरकारले आफुलाई अब्बल सावित गर्न अझैं ऐतिहाँसिक कामहरुलाई अघि बढाउन आवश्यक रहेको धारणा राख्नुभयो ।‘प्रदेशको सुरुवाती दिनलाई सम्झदा र अहिलेलाई तुलना गर्दा धेरै ऐतिहाँसिक काम भएका छन् । ईतिहाँसलाई जोगाई राख्नुपर्ने छ’उहाँले भन्नुभयो,‘प्रदेश राजधानी कार्यान्वयन, प्रदेशको नामाकरण जस्ता बिषयहरु प्रदेशले टुंग्याएर संघीयताको सहि कार्यान्वयनको उदाहरण दिन सक्यो । यो नै ठूलो उपलब्धी हो ।’ नेकपा एमाले संसदीय दल उप-नेता भोजप्रसाद श्रेष्ठले प्रदेश तहमा अझै उत्साह थप्न जरुरी रहेको बताउनु भयो । राजनीतिक अस्थिरता हटाउदै प्रदेशलाई विकासको लयमा अघि बढाउन सफल प्रयासको थालनि भएको बताउनु भएको हो । प्रदेश स्थाना दिवसमा ११ वटा विभिन्न झाँकीहरु प्रदर्शन गरिएका थिए । जस मध्ये शितगंगा नगरपालिकाको सोरठी भैलो झाँकी पहिलो, पञ्चेबाजा झाँकी गढवा दोस्रो, झुम्रा नाच राप्ती गाउँपालिका र काहरवा नाच राजपुर गाउँपालिकाले तेस्रो स्थान हाँसिल गरेका थिए । यस्तै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय लगायतले स्टलहरु राखेका थिए । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षता तथा प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको सहजिकरण आन्तरिक मामिला तथा कानून मन्त्रालयका बरिष्ठ अधिकृत गंगाधर पाण्डेले गर्नु भएको थियो

# लुम्बिनी प्रदेश सरकार नागरिकको दैनिकीसँग जोडिन सफलः आचार्य

नमस्ते समचारदाता

दाङ, माघ/२१



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकार नागरिकको दैनिक जीवनसँग जोडिन सफल भएको बताएका छन् । प्रदेश स्थापना दिवसको अवसरमा सोमबार शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश देखिने, अनुभव गर्न सकिने र नागरिकको दैनिक जीवनसँग जोडिन सफल भएको बताएका हुन् । 'विगत ७ बर्षमा संघीयता कार्यान्वयन गर्न लुम्बिनी प्रदेश सफल भएको हामिले महसुस गरेका छौं'उनले भने,'लुम्बिनी प्रदेशको आफ्नै प्रशासंनिक संरचना, विकास मोडेल, जनअपेक्षा पूरा गर्न सक्षमहुने विश्वास व्यक्त गर्दछु । स्थापनाको आठौं वार्षिकोत्सव मनाउँदै गर्दा प्रदेश सरकार आम नागरिकहरुको भरोसाको रुपमा स्थापितहुन सफल भएको बताउन पाउदा हामी उत्साहीत छौं ।' प्रदेश सरकार नागरिकको विकास प्रतिको तीब्र आकांक्षा पूरा गर्न, बनेका ऐन नियम तथा कानुनको पूर्ण कार्यान्वयन गर्न, प्रदेशको दिगोपना लगायत साझा सरोकारका मुद्धामा सबैसँग समन्वय र सहकार्यको माध्यमबाट अघि बढ्न चाहेको बताए । राजनीतिक अस्थितरताको अन्त्यगरी समृद्ध लुम्बिनी, खुसी नागरिकको लक्ष्यहाँसिल गर्न सरकार प्रतिबद्ध रहेको भनाई उनको छ। लुम्बिनी प्रदेश सरकारले प्रदेश स्थापना दिवसलाई उत्सवको रुपमा मनाउँदैछ । आज सोमवार आठौं स्थापना दिवस उत्सवको रुपमा मनाउन थालेको हो । प्रदेश सभा सचिवालय परिसरमा मुल समारोहको आयोजना गरिँदैछ । प्रदेश प्रमुखको विशेष उपस्थितीमा मुल समारोह आयोजना गर्न थालिएको हो । बाजागाजा सहितको झाँकी प्रदर्शन, विभिन्न मन्त्रालयहरुका स्टलहरूसमेत राखिने छन् । प्रदेश स्थापना दिवसमा लुम्बिनी प्रदेश सरकारले प्रदेशभर सार्वजनिक विदा समेत दिएको छ । लुम्बिनीले हरेक वर्ष माघ २१ लाई प्रदेशसभा स्थापना दिवस र फागुन ३ लाई सरकार स्थापना दिवसको रुपमा मनाउँदै आएको थियो । प्रदेश सरकारले दुई वटा दिवसलाई एकैदिन मनाउनेगरी माघ २१ लाई प्रदेश स्थापना दिवसको रुपमा मनाउने निर्णय गरेको थियो । सोही निर्णयको आधारमा माघ २१ लाई प्रदेश स्थापना दिवसको रुपमा मनाउन थालिएको हो ।

हार्दिक बधाई तथा शुभकामना



८औं कोहलपुर मेयर कप तथा १७औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता २०८१ मा कृष्ण माध्यमिक विद्यालय कोहलपुर-१, कौशिलानगरलाई मावितर्फ १५ स्वर्ण, १० रजत, ५ कास्य पदक प्राप्त गरी प्रथम स्थान हासिल गर्न महत्वपूर्ण भूमिका खेल्ने विद्यार्थी, प्रशिक्षक, शिक्षक, अभिभावकलाई धन्यवाद साथै खेलाडीहरुको उच्च मूल्याङ्कन गर्दै हार्दिक बधाई तथा आगामी खेल प्रतिस्पर्धाहरुमा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण माध्यमिक विद्यालय
कोहलपुर-१, कौशिलानगर बाँके
सम्पर्क : ०८१-४०४०९०

# आम्दानीको राम्रो स्रोत बिरुवाको नर्सरी

नमस्ते समचारदाता

हुम्ला, माघ/२१



पछिल्लो वर्षहरुमा स्याउ तथा ओखरका बिरुवाको नर्सरी आम्दानीको राम्रो स्रोत देखिएको छ। बिरुवामा अनुदान दिने सरकार तथा गैरसरकारी निकायहरुले जिल्ला मै किसानले उत्पादन गरेका बिरुवा खरिद गरेर बितरण गर्ने नीति लिएपछि बिरुवा उत्पादन कार्य आम्दानीको स्रोत भएको हो। जिल्ला कै नमूना कृषकका रुपमा नाम कमाउनु भएका सिमकोट गाउँपालिका- ३ को लाङ्दु गाउँका गोबिन्द लामाले आफ्नो आम्दानीको मुख्य स्रोत नर्सरीमा बिरुवा उत्पादन कार्य भएको बताउनुभयो। पछिल्लो २१ महिनादेखि उहाँको वडामा लागु भएको जलवायु उत्थानशील हरित कृषि तथा उत्पादनशील पारिस्थितकीय पद्धती ( ग्रेप ) परियोजनाको लागि स्थानीय स्रोत ब्यक्ति समेत छनौट हुन सफल भएका थिए। यो तालिमका क्रममा उनले स्याउ ओखर नर्सरी स्थापना, कटिङ, ग्राफ्टीङ लगाएतका सीपहरु सिक्न सफल भएको थियो। यो क्रममा एक वर्ष अगाडी उहाँले ग्राफ्टीङ गरिएका दुई हजार पाँच सय बोट स्याउँका बिरुवा गत चैत महिनामा बिक्री गरेर आम्दानी गर्दै आएका छन्। यी बिक्री गरिएका बिरुवाहरुमा एक हजार २५० बोट प्रतिबोट ७० रुपैयाँमा गाउँपालिकाको कार्यालयलाई बिक्री गरेर ८५ हजार पाँच सय रुपैयाँ बमाउनु भएको थियो भने यता कृषि विकास कार्यालयसंग एक हजार २५० बोट स्याउ प्रतिबोट एक सय रुपैयाँमा बिक्री गरेर एक लाख पच्चीस हजार गरि दुई लाख दश हजार पाँच सय रुपैयाँ कमाउन सफल भएका थिए । त्यसैगरी लामाले तीस हजारको तरकारी बिक्री गरेका थिए। यसवर्ष पनि चैत महिनामा बिक्री गर्ने गरि दुई हजार पाँच सय बोट स्याउ र आठ सय बोट ओखर तयारी अवस्थामा नर्सरीमा रहेका छन्। ओखरको मुल्य प्रतिबोट एक हजार रुपैयाँ पर्ने गर्छ। गतवर्ष माघ महिनामा लामाले स्थापना गरेको नर्सरीमा दश हजार भन्दा बढी इडिमेलका बिरुवा उम्रिएका छन्। सिमकोट गाउँपालिका- ५ को जिआर कृषि तथा पशु अर्गानिक फर्मकी सञ्चालक गीता रोकायाले पनि गतवर्ष एक हजार बिरुवा स्याउ र नौ सय बिरुवा ओखर बिक्री गरेर आम्दानी गरेको बताइन्। यसवर्ष पनि उनले नौ सय बोट स्याउ र सात सय बोट ओखर बिक्री गर्ने तयारी गरि रहेकी छन्। सिमकोट गाउँपालिकामा मात्र यसरी स्याउ ओखर नर्सरीबाट बिरुवा उत्पादन गरेर बिक्री गरि कमाई गर्ने सात जना अरु किसान पनि छन्। जिल्लाका नाम्खा, खार्पुनाथ, सर्केगार्ड, चङ्खेली, अदानचुली र ताँजाकोटका किसानले पनि बिरुवा उप्तादन गर्न थालेको कृषि बिकास कार्यालयले जनाएको छ। पहिले बिरुवाका क्षेत्रमा काम गर्ने सेवा प्रदायक निकायहरुले जिल्ला बाहिरबाट बिरुवा ल्याएर बितरण गर्ने गर्दा किसानले उत्पादन गरेका बिरुवाले बजार पाउने समस्या रहेको थियो। बिरुवा उत्पादन गर्ने किसानको यो समस्या सार्वजनिक भए पनि यी निकायहरुले जिल्ला मै उत्पादन भएका बिरुवालाई प्राथमिकताका साथ खरिद गर्न थालेपछि भने किसानको आम्दानी राम्रो स्रोत बिरुवा नर्सरी भएको छ।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके